दूरसञ्चार सेवा दस्तुरसँग सम्बन्धित आवश्यक कागजातहरू सहित १० कार्य दिनभित्र विवरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०८/०२

आर्थिक ऐन, २०८३ को दफा ८ को उपदफा ५ मा "दूरसञ्चार सेवा दस्तुरको प्रशासन नेपाल दूरसञ्चार प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।" भन्ने व्यवस्था रहेकोले यस प्राधिकरणबाट दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गरिरहेका सेवा प्रदायकहरूले आर्थिक वर्ष २०८२/८३ र चालू आर्थिक वर्षको असोज महिनासम्म नियमानुसार नेपाल सरकारको राजस्व खातामा दाखिला गरेको दूरसञ्चार सेवा दस्तुरसँग सम्बन्धित आवश्यक कागजातहरू सहित निम्नानुसारको विवरण १० कार्य दिनभित्र यस प्राधिकरणमा पेश गर्नुहुन यसै सूचना मार्फत सम्बन्धित सबै इन्टर्नेट (इमेल सहित) सेवा प्रदायकहरूलाई सूचित गराइन्छ ।

विवरण	महिना–	रकम
मासिक बिक्री	१. इन्टर्नेट बिक्री बापतको आय (रु.)	
	२. मर्मत सम्भार बापतको आय (रु.)	
	३. उपकरण बिक्री बापतको आय (रु.)	
	४. अन्य आय (रु.)	
	५. जम्मा आय (५=१+२+३+४)	
दूरसञ्चार सेवा दस्तुर (TSC) दाखिला भए/नभएको	६. दाखिला गरिएको TSC रकम (रु.)	
	७. दाखिला गरिएको मिति	
	८. तोकिएको समयभन्दा ढिलो बुझाएको भए दाखिला भएको ब्याज (रु.)	
	९. जम्मा दाखिला भएको रकम (९=६+८)	

नोटः प्रत्येक महिनाको लागि माथि उल्लिखित ढाँचामा छुट्टाछुट्टै विवरण तयार गर्नुपर्नेछ ।

नेपाल दूरसञ्चार प्राधिकरण
अनुमतिपत्र व्यवस्थापन शाखा
जमल, काठमाडौँ ।
फोन नं. ९७७-०१- ५३५५४७४
Email: ntra@nta.gov.np, URL, www.nta.gov.np